www.prepp.in



# नेपाली

( अनिवार्य )

| | |
|---|---|
| अनुज्ञापित समय : तीन घण्टा | अधिकतम अङ्क : 300 |

**प्रश्न-पत्र सम्बन्धित विशेष अनुदेशावली**

**कृपया प्रश्नका उत्तर लेख्नुअघि तल दिइएका प्रत्येक अनुदेशलाई ध्यानपूर्वक पढ्नुहोस्**

सबै प्रश्नका उत्तर लेख्नु अनिवार्य छ।

प्रत्येक प्रश्न/अंशका अङ्क तिनका विपरीतमा सूचित गरिएको छ।

प्रश्नमा निर्देश नगरिएको भए तापनि उत्तर नेपाली (देवनागरी लिपि)-मा लेख्नु अनिवार्य छ।

प्रश्नमा जहाँ विशेष रूपले उल्लेख गरिए-अनुसार शब्द-सीमालाई पालन गर्नु आवश्यक छ। यदि उल्लेख गरिएको भन्दा लामो अथवा छोटोमा उत्तर लेखिए अङ्क घटाइने छ।

प्रश्न-सह-उत्तरपुस्तिकामा खाली छोडिएका पन्ना अथवा कुनै भाग स्पष्टसित काटिएको हुनुपर्छ।

# NEPALI

**( Compulsory )**

| | |
|---|---|
| Time Allowed : Three Hours | Maximum Marks : 300 |

**QUESTION PAPER SPECIFIC INSTRUCTIONS**

**Please read each of the following instructions carefully before attempting questions**

All questions are to be attempted.

The number of marks carried by a question/part is indicated against it.

Answers must be written in NEPALI (Devanagari script) unless otherwise directed in the question.

Word limit in questions, wherever specified, should be adhered to and if answered in much longer or shorter than the prescribed length, marks may be deducted.

Any page or portion of the page left blank in the Question-cum-Answer Booklet must be clearly struck off.

www.prepp.in

1. निम्नलिखित कुनै एउटा विषयमा छसय (600) शब्दभित्रमा निबन्ध लेख्नुहोस् : 100

(a) लोकतन्त्रमा न्यायपालिकाको भूमिका

(b) पर्यावरण अनि आत्मनिर्भरता

(c) भूमण्डलीकरणमा भाषाको भूमिका

(d) भारतीय अर्थव्यवस्था अनि तिनका चुनौतीहरू

2. निम्नलिखित गद्यांशलाई ध्यानपूर्वक पढ्नुहोस् अनि त्यसको आधारमा दिइएका प्रश्नहरूको उत्तर स्पष्ट, सही अनि संक्षिप्त भाषामा दिनुहोस् : 12×5=60

संसारको ध्यान गान्धीजीसँग यसैले आकर्षित भयो कि उहाँले पशु-बलको समक्ष आत्मबलको शस्त्र निकाल्नुभयो, तोपहरू र मसीनगनहरूको सामना गर्नलाई अहिंसाको आश्रय लिनुभयो। तर सोँच्ने कुरा के छ भने अहिंसाको आश्रय उहाँले किन लिनुभयो? यसैले कि अंग्रेजहरूका विरुद्ध हिंसाको आश्रय लिएर उनले भारतलाई स्वाधीन गर्न सक्तैनन् थिए? अथवा यसैले कि मानव समाजलाई उनी शिक्षा दिन चाहन्थे कि मनुष्य जबसम्म पाशविक साधनहरूको प्रयोग गर्न बाध्य हुन्छन् तबसम्म उ पूर्ण मनुष्य भन्न सकिने अधिकारी हुन सक्तैन? पहिलो कुरा, अहिंसालाई कमजोर र निरुपाय व्यक्तिको साधन भनिन्छ, जसको अर्थ यस्तो हुन्छ कि तोपहरू जब हामीसँग छैन, तब सत्याग्रह नै सही। तर दोस्रो कुरा, अहिंसालाई मनुष्यको विकासको साधन बनाइन्छ; त्यसको रूपलाई निर्मल बनाउने उपाय सिद्ध गरिन्छ।

यो साँचो हो कि गान्धीजीको नेतृत्वमा जब भारतवासी ब्रिटेनसँग संघर्ष गरिरहेका थिए, तब उनीहरूमध्ये अधिकांशको यही धारणा थियो कि अहिंसा साधन मात्र हो, जसको सहारा हामीले यसैले लियौं कि हिंसक साधनहरूद्वारा अंग्रेजहरूको सामना गर्नलाई हामीसित सुविधा र सुयोग नै छैन। तर स्वयं गान्धीजी यस्तो विचारलाई मान्दैनन् थिए। अहिंसालाई हराएर उनी भारतलाई स्वाधीन गराउने पक्षपाती थिएनन्। भारतीय स्वाधीनता धेरै ठूलो लक्ष्य थियो, त्यसभन्दा पनि ठूलो ध्येय मानव-स्वभावमा परिवर्तन ल्याउनु थियो, मनुष्यलाई यस्तो विश्वास दिनु थियो कि जुन लक्ष्यहरूका प्राप्तिका लागि उनीहरू पाशविक साधनहरूको सहारा लिने गर्छन्, ती लक्ष्यहरू मानव-मूल्यहरूबाट नै प्राप्त गर्न सकिन्छ। गान्धीजीको मुख्य उद्देश्य न केवल देशवासीहरूको कष्टहरूका निवारण, खासगरी मनुष्यको पाशवीकरणलाई अवरोध पनि थियो। घृणा, क्रोध अनि आवेग, यी सब पशुहरूमा नै हुने गर्छ अनि तिनीहरू पनि आफ्नो प्रतिपक्षीहरूको सामना तिनै शस्त्रहरूद्वारा नै गर्छन्। तर मनुष्य पशुदेखि भिन्न हुन्छ। अतएव उचित छ कि उनीहरू आफ्ना आवेगहरूलाई नियन्त्रण गरून् अनि आफ्ना दैनिक जीवनका समस्याहरूका समाधानमा ती उपायहरूबाट काम लिउन्, जो पशुहरूका लागि दुर्लभ, तर मनुष्यका लागि सुलभ छ। प्रश्न उठ्तछ कि गान्धीजीले यस्तो निश्चय किन गर्नुभयो? अनि अहिंसाको यस्तो प्रयोग कुनै अन्य देशमा आरम्भ न भएर भारतमा नै किन आरम्भ भयो? धेरै मानिसहरू यो प्रश्नलाई यसो भनेर पर सार्छन् कि यो आकस्मिक कुरा थियो। तर आकस्मिक कुरा यही थियो होइन। भनिन्छ, सत्याग्रह अथवा सविनय अवज्ञाको कल्पना अमेरिकाका चिन्तक थुरोले पनि गरेका थिए अनि यसको केही धेरै झलक रूसको सन्त साहित्यकार टल्सटयमा पनि पाउन सकिएको थियो। गान्धीजी थुरो अनि टल्सटय, दुवैको विचारधारासित परिचित थिए। आफ्नो देशमा पनि गान्धीजीभन्दा अघि, अरविन्दले सविनय अवज्ञा र असहयोगको सुझाव देशको सामु राखिसकेका थिए।

यसको प्रयोग सबभन्दा पहिले भारतले नै किन गर्‍यो?

उत्तर स्पष्ट छ कि आत्म-बल शारीरिक बलभन्दा श्रेष्ठ हुन्छ, यो सत्यलाई जति भारतवासीले जान्दथिए, त्यति अन्य देशका मानिसहरूले जान्दैन थिए। थुरो, टल्सटय अथवा एमर्सन अनि रोमा रोलाँमा यस प्रकारको जब पनि कुनै भावना जाग्यो, तब

www.prepp.in

Prepp
Your Personal Exams Guide

त्यसको पछाडि भारतीय दर्शनको उत्प्रेरणाले काम गरिरहेको थियो। सविनय अवज्ञाको कल्पनासम्म गर्ने दर्शन यस देशमा विद्यमान थियो अनि यस्तो कल्पनासम्म उनै व्यक्तिले गर्न सक्थ्यो जो कि त भारतीय विचारधाराबाट प्रभावित थियो अथवा अनायास त्यस प्रकारको चिन्तनपद्धतिमा आएको हुन्थ्यो जो भारतको पद्धति रहेको थियो। थुरो र टल्सटयको सम्बन्धमा दुवै नै विकल्प सम्भव रहेको हुनसक्छ। रह्यो अरविन्द, जो भारतीय नै थिए।

*(a)* संसारको ध्यान गान्धीजीतर्फ किन आकृष्ट भयो?

*(b)* स्वाधीनता प्राप्तिका लागि गान्धीजीद्वारा अहिंसालाई नै किन मुख्य साधन मानियो?

*(c)* लेखकले मनुष्य र पशु-मा के भिन्नता देखाएका छन्?

*(d)* अहिंसाको प्रयोग भारतमा नै किन आरम्भ भयो?

*(e)* सविनय अवज्ञाको कल्पना कसले गर्न सकेको थियो?

**3.** निम्नलिखित अनुच्छेदको सारांश प्रायः एक-तिहाई शब्दहरूमा लेख्नुहोस्। यसको शीर्षक लेख्ने आवश्यकता छैन। सारांश आफ्ना शब्दहरूमा लेख्नुहोस् : 60

आजको आधुनिक मनुष्यलाई इतिहास र समयका नियमहरू-कानूनहरूको जति ज्ञान छ, त्यति सायद पहिले कुनै युगमा प्राप्त थिएन। साँचो अर्थमा तिनीहरू ऐतिहासिक 'मनुष्य' हुन्। एक प्रकारले इतिहास-बोध नै आधुनिकताको पर्याय मानिएको छ। मध्यकालीन संस्कृतिमा धर्मको जुन केन्द्रीय स्थान थियो, त्यसले बिस्तार-बिस्तार पछि हट्दै आफ्नो ठाउँ इतिहासलाई समर्पित गरिदिएको छ। मनुष्य प्रकृतिको परिवेशमा होइन, इतिहासको सन्दर्भमा बाँच्दछ—यस सन्दर्भमा हर घटना पहिलेको घटनाभन्दा नयाँ हुन्छ, जो अहिले भइरहेको छ त्यो पहिले कहिल्यै भएन। मनुष्यको क्रमिक विकासको यो बोध प्राचीन यूनानीहरूका लागि अनौठो र अलग थियो। भारतीय मनिषीहरूका लागि पनि यो त्यत्ति नै अनौठो थियो। उनीहरू समयलाई विकासका रूपमा नभएर, 'चक्र'-का रूपमा देख्ने गर्दथे। पहिले 'परम्परा' मनुष्यको भित्र थियो, जसले उसको जीवन-शैलीलाई अनुशासित गर्दथ्यो, अहिले इतिहासले मनुष्यको भविष्यलाई निर्धारित गर्दछ अनि परम्परा खोज्नका लागि त्यसको पछिल्तिर हेर्नु पर्दछ।

तर यो कुरा साँचो छ कि इतिहासको जुन प्रभुत्व आज हाम्रो जीवनमा छ त्यो पहिले कहिल्यै थिएन, त्यसरी नै यो कुरा पनि त्यत्तिनै साँचो छ कि मनुष्य आज समय र इतिहासदेखि निराश छ। उन्नाइसौं शताब्दीमा सार्वभौमिक सत्ताद्वारा सम्पन्न जुन इतिहास-बोध मनुष्यको प्रगति र मुक्तिको सन्देश ल्याइएको थियो, हाम्रो समयसम्म आउँदा-आउँदा आफ्नै क्रूर पेरोडीमा परिवर्तित भएको देखिन्छ। भविष्यलाई निर्धारित गर्ने नियम, कानून, फर्मूलाहरू अहिले पनि छ तर त्यसमाथि बिसौं शताब्दीको अत्याचार र मोहभङ्गको यति गहिरो प्रभाव छ कि त्यो भविष्यको बन्द कोठाहरूमा कतै फिट हुन सक्तैन। कस्तो हो यो वैज्ञानिक, तर्कशील, गौरवपूर्ण अर्थबोध, जसले आज मनुष्यलाई स्वयं आफ्नै भविष्यप्रति यति अरक्षित, आतङ्कित र अनाश्वस्त बनाएर छोडिदिएको छ?

यो होइन कि हामी मानव भविष्यको बारेमा जान्दैनौं। आजको आधुनिक मनुष्यले इतिहास-बोधबाट उत्प्रेरित भएर भविष्यको बारेमा जो परिकल्पना र सम्भावना खोजेको छ, त्यसको आधारमा सम्पूर्ण भविष्यको पूरै एउटा रसायनशाला बनाउन सकिन्छ।

तर यो भविष्यको वर्तमानको विभीषिकासित कुनै सम्बन्ध छैन, जे नै भने पनि वर्तमानको विभीषिकाबाट बाँच्नका लागि पनि यो 'ऐतिहासिक भविष्य'-को निर्माण गरिएको छ—त्यो चाहे वर्गहीन समाजको सपना हो या कम्प्यूटत-निर्धारित

www.prepp.in

'रोबोट'-को यन्त्रलोक, यसले केही फरक पर्दैन। हामी वास्तविक समयमा होइन, एक काल्पनिक समयमा बाँच्तछौं—अनि विचित्र कुरा यो छ कि यो भविष्यमा मनुष्यको मृत्युलाई देशनिकाला गरिएको हुन्छ किनकि स्वयं आफ्नो मृत्युदेखि भयभीत भएर हामीले भविष्यलोकमा शरण लिएकाछौं।

यो आधुनिक युगको विचित्र विडम्बना मानिन्छ कि एकातिर आजको मनुष्य 'इतिहास-बोध'-बाट आक्रान्त छ, अर्कोतिर मृत अतीत र काल्पनिक भविष्यको बीच स्वयं इतिहासको जीवन्त धारा सुकिसकेको छ। जुन प्रकारले नदीमा डुब्दै गरेको मनुष्यले पानीसित सम्बन्ध जोड्न सक्तैन, त्यस्तै प्रकारले इतिहासमा डुबेको मनुष्यले समयको मर्म बुझ्न सक्तैन। उ इतिहासदेखि प्रभावित हुनसक्छ, तर त्यसलाई आफ्नो जीवन र मृत्युको साक्षी बनाउन सक्तैन, त्यो इतिहास जो यस धरतीमा मनुष्यको साक्षी बन्न सकेन, त्यसको के अर्थ रहला र? यही कारण हो कि आज इतिहास-बोध आधुनिक मनुष्यको अन्धविश्वास बनेर रहेको छ जससँग भविष्यको अर्थ खोज्नु छैन, तर वर्तमानदेखि छुटकारा पाउनु छ।

तर के हामी वर्तमानदेखि छुटकारा पाउन सक्छौं? के वर्तमान नै यस्तो केन्द्रबिन्दु होइन जहाँ मनुष्य आफ्नो नश्वरताबाहेक इतिहासमा आफ्नो सम्पूर्ण स्थितिलाई थाहा गर्न सचेष्ट छ। एकातिर, मनुष्य नश्वर छ; अर्कोतिर, उ इतिहासमा जीवित छ। उसको नियति उसको व्यक्तिगत अतीतसित सम्बन्ध राख्तछ, उसको सम्पूर्ण भविष्यलाई यसले आलोकित पार्दछ, जससित अन्य मानिसहरूको नियति पनि जडित छ।

**4.** निम्नलिखित गद्यांशलाई अंग्रेजीमा अनुवाद गर्नुहोस् : 20

वर्तमान युग सूचना प्रौद्योगिकीको युग हो। विज्ञानको क्षेत्रमा भइरहेको नवीन आविष्कारहरूले मानवजातिलाई जुन विस्मयकारी उपलब्धिहरूबाट सम्पन्न बनाएको छ, तीमध्ये सूचना प्रविधि प्रमुख छ। विश्वको कुनै पनि कुनामा बसेर आज हामी वैज्ञानिक उपकरणहरूको सहायताद्वारा कतैबाट पनि कुनै पनि सूचना प्राप्त गर्न सक्छौं। सूचना प्राप्तिको यस्तो सुविधाले देशहरूका दूरीहरू समाप्त गरिदिएको छ। अहिले यस्तो लाग्छ कि सम्पूर्ण संसार समेटिएर हाम्रो मुट्ठीमा आएको छ। त्यसै पनि 'वैश्वीकरण' र 'वसुधैव कुटुम्बकम्'-को अवधारणा वैज्ञानिक प्रगतिको यो युगमा अति चाँडै नै फलीभूत भइरहेको प्रतीत हुँदैछ।

आज हामी त्यो युगको सम्झना गरौं जब डाक पठाउने उपयुक्त व्यवस्था थिएन। सूचनाहरूका आदान-प्रदान सन्देशवाहकहरूद्वारा हुने गर्थ्यो। यस्तो काममा लामो समय लाग्दथ्यो। त्यसबेलासम्म जीवन कति कठिन थियो होला त्यसको सहज अनुमान लगाउन आज सजिलो छैन। समय बदलिरहेको छ अनि नयाँ अनुभवहरूले नियमित रूपमा स्थान लिइरहेको छ। डाक-तार, टेलिफोन अनि टेलिग्राफ पद्धतिमा विकास हुन थाल्यो। चिट्ठी-पत्रद्वारा समाचारहरू पठाउन थालियो। जीवनले गति लिन थाल्यो। रेडियो र टेलिभिजनले यस दिशामा अझ गति पक्रन थाल्यो। कम्प्यूटरको आगमनसँगै सूचना एवं प्रविधिको क्षेत्रमा नयाँ क्रान्तिको सूत्रपात भयो। इन्टरनेटको विकाससँगै सारा कम्प्यूटर आपसमा जोडिन थाल्यो। सूचना क्षेत्रमा नयाँ-नयाँ परिवर्तन आउन थालेपछि तात्कालिक सूचनाहरू सहजै प्राप्त हुनथाल्यो। आज सम्पूर्ण विश्वमा मनुष्यले आफ्नो कुनै पनि उत्पादनको विज्ञापन जहाँबाट पनि गर्न सक्तछ। उ पारम्परिक कुनै हतियारबिना नै युद्ध गर्न सक्तछ। प्रायः सबै घरहरू तथा कार्यालयहरूमा आज कम्प्यूटर र इन्टरनेटको सुविधा उपलब्ध छ जसको सहायताले हवाईजहाज, रेल, बसगाडी तथा सिनेमाका टिकटहरू सजिलै बुक गर्न सकिन्छ। आरक्षणको स्थितिबारे जानकारी पाउन सकिन्छ। सडक यातायातको अवस्था पत्तो गर्न सकिन्छ। आज मोबाइलमा इन्टरनेटको माध्यम सबै कुरा घरै बसेर थाहा गर्न सकिन्छ। साँच्चै नै सम्वाद र सूचना-सम्प्रेषणको यो सबभन्दा सस्तो साधन हो।

www.prepp.in

Prepp
Your Personal Exams Guide

**5.** निम्नलिखित गद्यांशलाई नेपालीमा अनुवाद गर्नुहोस् : 20

Democracy stands much superior to any other form of government in promoting dignity and freedom of the individual. Every individual wants to receive respect from fellow beings. Often conflicts arise among individuals because some feel that they are not treated with due respect. The passion for respect and freedom are the basis of democracy. Democracies throughout the world have recognized this, at least in principle. This has been achieved in various degrees in various democracies. For societies which have been built for long on the basis of subordination and domination, it is not a simple matter to recognize that all individuals are equal.

Take the case of dignity of women. Most societies across the world were historically male dominated societies. Long struggles by women have created some sensitivity today that respect to and equal treatment of women are necessary ingredients of a democratic society. That does not mean that women are actually always treated with respect. But once the principle is recognized, it becomes easier for women to wage a struggle against what is now unacceptable legally and morally.

**6.** *(a)* *(i)* तलका कुनै **पाँच** शब्दहरूको सन्धि-विच्छेद गर्नुहोस् : 5

मतैक्य ; सदात्मा ; अन्वय ; आशीर्वाद ; दिग्भ्रम ; वाचस्पति ; परिच्छेद।

*(ii)* तलका कुनै **पाँच** अनेकार्थी शब्दहरूको प्रत्येकको दुई-दुईवटा भिन्न अर्थ दिनुहोस् : 5

साँचो ; पर्दा ; काँट ; गम ; बन्धकी ; हाल ; बर।

*(b)* *(i)* तलका कुनै **पाँच** समस्तपदलाई विग्रह गर्नुहोस् : 5

वाचाबन्धन ; प्रकृतिप्रदत्त ; रतन्धो ; त्रिफला ; कर्तव्यनिष्ठ ; घनीभूत ; यथाक्रम।

*(ii)* तलका कुनै **पाँच** प्रत्ययहरू लगाएर पाँचवटा शब्द बनाउनुहोस् : 5

अनीय ; इका ; एली ; ईय ; मय ; वान् ; इयार।

*(c)* *(i)* तलका कुनै **पाँच** वाग्धारालाई वाक्यमा प्रयोग गर्नुहोस् : 5

इतिश्री हुनु ; काँचुली फेर्नु ; घानमा पर्नु ; तातो लाग्नु ; पेट कालो हुनु ; मुलुक मार्नु ; रगत चुस्नु।

*(ii)* तलका कुनै **पाँच** उखानहरूलाई पूरा गर्नुहोस् : 5

(1) अगाडि खोलो .........

(2) एक कानले सुन्नु .........

(3) कुलो भागी समुद्र .........

(4) खान्न खान्न लोकाचार .........

(5) तीनहाते मानिसको .........

(6) बालुवा निचोरी .........

www.prepp.in

(7) रुपियाँ गन्नु सय फेरा .........

(8) सिपाहीकी स्वास्नी .........

*(d)* *(i)* तलका कुनै **पाँच** शब्दको विपरीतार्थक शब्द लेख्नुहोस् : 5

दाता ; सापेक्ष ; निषेध ; स्थावर ; प्रलय ; क्रन्दन ; क्षय।

*(ii)* तलका कुनै **पाँच** वाक्यलाई एउटा-एउटै शब्दमा लेख्नुहोस् : 5

(1) कुराकानीमा दोहोरिने शब्द।

(2) कल्पनाद्वारा बनाइएको।

(3) धेरै दिनसम्म बाँच्ने।

(4) बिहेको निम्ति केटो वा केटी माग्न जाने मानिस।

(5) लमाइ, चौडाइ र मोटाइको फल।

(6) महल आदिका वरिपरिको आँगन वा चौर।

(7) आँखाको पलक बन्द हुने र खुलिने समयको परिणाम।

(8) बाहिरबाट आएका मानिसहरूले बसाएको बस्ती।

★ ★ ★